bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

ID CARD
स्कुल, कलेज, बोर्डिङ्ग, संघ संस्था, बैंक तथा वित्तिय संस्था, सहकारी, अफिस आदीको गुणस्तरीय आइडी कार्ड अत्याधुनिक मेसिनद्धारा सबैभन्दा छिटो र सुपथ मूल्यमा तयार गरिन्छ ।
विना झन्झट तुरुन्तै
Degital Lanyard (डोरी प्रिन्ट)
ID Card (Matte/PVC)
WHOLESALE:
फोटो स्टुडियो, प्रेस, Ad Agency लाई विशेष अफर
अर्डर गरेकै दिन डोरी तथा कार्ड तुरुन्तै प्रिन्ट गरिन्छ ।
मिर्लुङ्ग फ्लेक्स प्रिन्ट एण्ड अफसेट प्रेस
बन्दीपुर–1, डुम्रे बजार, तनहुँ | 9845584097, 9867808182

वर्ष ४२ अंक ५१ | २०८० जेठ २४ गते बुधबार, नेपाल सम्वत् ११४३ June 07, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**कृषकलाई मेसिनेरी साधान तथा औजार :** तनहुँको बन्दिपुर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बार्षिक कार्यक्रम अन्तर्गत कृषि आधुनिकिकरणका लागि मेसिनेरी साधन तथा औजार वितरण गरिदै । गाउँपालिकाका अध्यक्ष सुरेन्द्र बहादुर थापा, उपाध्यक्ष पञ्चमाया गुरूङले वडा नं. २ का साना कृषि व्यवसायिक समूह–मकै पकेट क्षेत्रका कृषकलाई अनुदानमा ८ वटा मिनी टेलर र ८ वटा कुटानी पिसानी मेशिन हस्तान्तरण गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# भानुका अपाङ्गता भएका व्यक्तिलाई बीउ पुँजी वितरण

**भञ्ज्याङ समाचारदाता/भानु**

तनहुँको भानु नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरूलाई रिसेड तनहुँले बीउ पुँजी वितरण गरेको छ । सामाजिक विकास कार्यालयको सहयोगमा रिसेडले भानुका १३ जनालाई बीउ पुँजी सहयोग गरेको हो । भानु नगरपालिकाका नगर प्रमुख आनन्दराज त्रिपाठीले



उक्त रकम प्रदान गर्दै अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर बनाउन नगरपालिकाको तर्फबाट प्रयास रहने प्रतिवद्धता जनाए ।

अपाङ्ता भएका व्यक्तिहरूलाई अनुकूल नीति तथा कार्यक्रम बनाउन नगरपालिका लागि परेको प्रवक्ता ईश्वर राज घिमिरेले बताए।

भानुका १३ वटा वडाका १३ जना अपाङ्गता भएका व्यक्तिहरूलाई ७ हजार ५ सय रूपैयाँका दरले बीउ पुँजी सहयोग गरिएको रिसेडका उपाध्यक्ष इश्वर बाँस्तोलाले बताए।

नगर स्तरीय स्वावलम्बन समूहको छनोटमा परेका अपाङ्गता भएका व्यक्तिहरू अपाङ्गताको प्रकृति बमोजिम शारीरिक, बौद्धिक, दृष्टिविहिन, बहिरा, बहुअपाङ्गता जस्ता गम्भीरताको आधारमा आर्थिक रूपमा कमजोर केही गर्न चाहने मनोभाव भएका व्यक्तिहरूलाई केही सहयोग होस् भनेर सहयोग गरिएको उपाध्यक्ष बाँस्तोलाले बताए ।

बीउ पुँजी लाभग्राही दृष्टिविहिन दशरथ राना मगरले अपाङ्गताको प्रकृति अनुसार कृषिको लागि योग्य सम्भावनायुक्त कार्य प्रणाली अनुसार बाख्रा पालन, कुखुरापालन, टनेल तरकारी खेती जस्ता कृषिको बीउ पुँजी लगानीबाट जीवनस्तरमा लाभ पुग्ने बताइएको छ ।

# जलवायु परिवर्तन : बढ्दो जोखिम र समाधानका उपाय

**बीबीसी**

मानवीय गतिविधिहरूका कारण विश्वको तापमान बढिरहेको छ र जलवायु परिवर्तनले मानिसको जीवनका हरेक पहलुहरूलाई खतरातर्फ धकेलिरहेको छ । यदि यो मुद्दालाई यत्तिकै अनियन्त्रित रूपमा छाडिदिने हो भने मानिस तथा प्रकृतिले विनाशकारी तातो वायुको लहर तथा सुख्खा र गर्मीको सामना गर्नुपर्नेछ भने समुद्रको जलस्तर बढ्नुका साथै व्यापक रूपमा जैविक विविधताको विलोपन हुनेछ। वास्तवमा जलवायु परिवर्तन दुनियाँका सामुन्ने देखा परेको एउटा भयानक चुनौती हो । यद्यपि यो चुनौतीको सामना गर्ने उपायहरू नभएका होइनन्।



**जलवायु परिवर्तन के हो ?**

कुनै पनि निश्चित स्थानको लामो समयसम्मको औसत मौसमी अवस्थालाई नै जलवायु भनिन्छ । जब त्यही जलवायुको अवस्थामा दीर्घकालीन परिवर्तन आउँदछ, त्यसलाई नै जलवायु परिवर्तन भनिन्छ । यो वर्षा, तापक्रम, आद्रता, वायुको गति आदिजस्ता जलवायुजन्य उपागमहरूमा आउने दीर्घकालीन तथा प्रतिकुल अवस्थाको परिवर्तन हो । अहिले विश्वको जलवायुमा जुन तीव्र परिवर्तन देखिइरहेको छ त्यो मानिसले आफ्नो घर, कारखाना तथा परिवहनका लागि प्रयोग गरिएको पेट्रोलियम, ग्यास तथा कोइलाको उपयोगका क्रममा उत्सर्जित हरितगृह ग्यासका कारण भएको हो ।

जब यी जिवाश्म इन्धनहरू दहन हुन्छन् तब त्यसबाट हरितगृह ग्यासहरू निस्किन्छन्, जसमा सबैभन्दा ठूलो हिस्सा कार्वनडाइ अक्साइडको रहेको हुन्छ । यी ग्यासहरूका कारण विश्वको तापक्रममा बढोत्तरी हुने मात्र होइन पृथ्वीको सुरक्षा कवचको रूपमा रहेको ओजोन तहमा पनि क्षति पुऱ्याउँदछन् ।

ओजोनको पत्रमा प्वाल पर्दा सूर्यको परावैजनी किरणसहित अत्यधिक तापक्रम पृथ्वीमा आउँदछ, जसले पृथ्वीमा तापक्रम बढाउने काम गर्दछ । यद्यपि तापक्रम वृद्धिको मूख्य कारण चाहिँ हरितगृह ग्यासका कारण सिर्जित हरिगृह प्रभाव नै हो। बढ्दो तापमानका कारण हिमनदीको हिउँ तीव्र रूपमा पग्लिरहेको छ भने समुद्रको जलस्तर पनि बढिरहेको छ ।

१९औं शताब्दीको तुलनामा विश्वको तापक्रम हाल १.१ डिग्री सेल्सियस भन्दा अधिक वृद्धि भैसकेको छ र वातावरणमा कार्वनडाइ अक्साइडको मात्रामा ५० प्रतिशतले वृद्धि भएको छ । जलवायु वैज्ञानिकहरूका अनुसार यदि विश्वलाई जलवायु परिवर्तनका सबैभन्दा खराब परिणामबाट बचाउने हो भने तापमान वृद्धिमा नियन्त्रण गर्नु आवश्यक हुन्छ ।

पेरिस जलवायु सम्झौताले पनि विश्वलाई विनासबाट बँचाउनका लागि सन् २१०० सम्ममा विश्वको तापमान वृद्धि १.५ डिग्री सेल्सियसमा राख्ने लक्ष्य लिएको छ । तर यदि उक्त लक्ष्य प्राप्तिका लागि विश्वका मुलुकहरूले प्रभावकारी कदम नचाल्ने हो भने तापक्रम वृद्धि छिटै नै २ डिग्री सेल्सियसभन्दा धेरैले बढ्ने पक्का रहेको वैज्ञानिकहरूको भनाइ छ । स्वतन्त्र क्लाइमेट एक्सन ट्र्याकर ग्रूपको सन् २०२१ को रिपोर्ट अनुसार यो शताब्दीको अन्त्यसम्ममा विश्वको तापक्रम २.४ डिग्री सेल्सियसले बढ्ने खतरा समेत रहेको छ ।

यदि हतिरगृह ग्यासको उत्सर्जनमा कमी ल्याउनका लागि प्रभावकारी कदम नचालिएमा विश्व उष्णीकरण ४ डिग्री सेल्सियस पनि नाघ्नसक्ने खतरा रहेको वैज्ञानिकहरू बताउँछन् । यसले भयानक गर्मीको लहर उठ्नेछ भने लाखौं मानिसहरूले समुद्रको बढ्दो जलसतहमा आफ्ना वासस्थानहरू गुमाउनेछन्। यसले जीव तथा वनस्पतीका लाखौं प्रजातिहरूलाई अपूरणीय क्षति पुग्नेछ ।

**जलवायु परिवर्तनका प्रभावहरु**

विश्वमा प्रतिकूल मौसमी घटनाहरू पहिलेभन्दा तीव्र बनिरहेका छन् जसबाट जीवन तथा जीविकोपार्जन माथि नै खतरा पैदा भएको छ । पृथ्वीमा तीव्र रूपमा तापक्रम बढ्नाले धेरै क्षेत्रहरू मरूभूमिमा परिणत हुनेछन्। पूर्वी अफ्रिकामा लगातार पाँचौ वर्ष पनि वर्षा भएन । लगातारको सुख्खा खडेरी अर्थात् अनावृष्टिका कारण पूर्वी अफ्रिकाका २ करोड २० लाख मानिसहरु भोकमरीको खतरामा परेको संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमले जनाएको छ ।

अत्यधिक तापक्रमले डढेलोको प्रकोप बढाइरहेको छ, गत वर्षको गृष्मयाममा युरोपमा इतिहासकै भयानक डढेलोको प्रकोप देखिएको

बाँकी तेश्रो पेजमा

# नक्कली भूटानी शरणार्थी प्रकरण : सरकारी वकिलको थुनछेक बहस सकियो

**रासस/काठमाडौं**

नक्कली भूटानी शरणार्थी प्रकरणमा जारी थुनछेक बहसमा सरकारी वकिलका तर्फको बहस मंगलबार सकिएको छ । सरकारी वकिलका तर्फको बहस सकिएसँगै अब प्रतिवादीतर्फबाट कानुन व्यवसायीले बहस सुरू गर्ने जिल्ला अदालत काठमाडौँका सूचना अधिकारी दीपक दाहालले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सरकारी वकिलतर्फको बहस सकिएको छ, अब प्रतिवादीतर्फबाट कानुन व्यवसायीले बहस गर्नु हुन्छ ।" जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा जारी बहसमा यस प्रकरणका प्रतिवादीलाई थुनामुक्त गरे प्रमाण नष्ट हुनसक्ने तथा जाहेरीकर्ताको सुरक्षामा खतरा हुनसक्ने भन्दै थुनामा राखेर नै मुद्दाको पुर्पक्ष गर्नुपर्ने दलिल सरकारी वकिलले प्रस्तुत गर्नुभएको थियो ।

नक्कली भूटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहित १८ जनालाई थुनछेक बहसका लागि उपस्थित गराइएको छ । सो थुनछेक बहस यही जेठ ३१ गतेसम्म जारी रहने र त्यसपछि पुर्पक्षका लागि थुनामा पठाउने कि नपठाउने भन्नेबारेमा निर्णय लिइने बताइएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौँले पक्राउ परेका १८ जनासहित फरार रहेका ३० जनालाई संगठित अपराध, कीर्ते, ठगी तथा राज्य विरूद्धको आरोप गरी चारवटा मुद्दा लगाउँदै रू २७ करोड ५० लाख बिगो माग दाबीसहित जिल्ला अदालत काठमाडौँमा यही जेठ १० गते मुद्दा दायर गरिएको थियो ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

## सम्पादकीय .........

www.bhanjyangnews.com

# जोखिममा चेपाङ महिला

चेपाङ समुदायमा कलिलै उमेरमा वैवाहिक बन्धनमा बाँधीने र उमेरै नपुगि बच्चा जन्माउने प्रवृत्ति अझैपनि यथावत छ । राम्चे ओढारेकी सरिना चेपाङ अहिले २८ वर्षकी भईन् । उनी १४ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएकी थिइन् । १५ वर्षको कलिलै उमेरमा पहिलो सन्तान जन्माएकी सरिनाका अहिले ३ सन्तान् छन् । विवाह भनेको के हो भन्ने पनि थाहा नभएकी सरिना आमाबुबाले मिठो खाना र राम्रो लगाउन पाइन्छ भनेर विवाह गरिन । विवाह भएको एक वर्षमै छोरो जन्माएकी उनका अहिले तीन छोराछोरी छन् । दुई सन्तान पाएपछि तेस्रो सन्तान पाउन इच्छा नहुँदानहुदै पनि सन्तान पाउन बाँध्य भएकी सरिनाले समयमै सचेतना पाउन सकिनन् । कलिलै उमेर विवाह अनि बच्चा जन्माउने भनेको महिलाहरूको स्वास्थ्यमा गम्भिर असर निम्त्याउनु हो । तेस्रो सन्तान पछि उनले अस्थायी साधान प्रयोग गरेकी छिन् । त्यो बेला हामीलाई सम्झाउने बुझाउने कोही नहुँदा परिवार नियोजनका स्थायी र अस्थायी साधानका बारेमा भनिदिने पनि कोही भएनन्, पढेलेखेको नहुँदा र सम्झाउने बुझाउने मान्छे नहुँदा कलिलै उमेरमा विवाह गरी बच्चा जन्माउन पुगेकी उनि अहिले स्वास्थ्य समस्या झेल्दै आएकी छन् । कलिलैमा आमा बन्दा र गर्भावस्थामा पोषणयुक्त खाना नपाउदा, आवश्यक स्वास्थ्य परीक्षण र खोपका बारेमा जानकार नहुँदा, नियमित स्वास्थ्य जाँच नगर्दा अहिले विभिन्न स्वास्थ्य समस्यबाट गुज्रिन परेको छ । आँधा उमेर पनि बाचेको छैन जस्तो लाग्छ तर शरिर जुन स्फुर्ति हुनुपर्ने हो त्यो पनि नभएको उनि बताउँछिन् । भारी उचाल्न सक्दिन, धेरै काम गर्दा ढाँड दुख्ने शरिर लल्याङलुलुङ हुन्छ । घरमै सन्तान जन्माएकाले होला पछिल्लो समय पाठेघरमा पनि समस्य देखिएको उनको दुखेसो छ । सरिना मात्रै होइनन् प्रिति चेपाङ पनि कलिलै उमेरमा आमा बन्दा हुने स्वास्थ्य जोखिमबारे बेखबर छन् । १२ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएकी प्रितिले १५ वर्षकै उमेरमा २ वटा सन्तान जन्माइन् । २२ वर्षको उमेरसम्म आइपुग्दा उनी ४ सन्तानकी आमा बनि सकेकी छन् । तीन वर्षीय छोरा काँखमा बोकेर अझैपनि जोखिमयुक्त काम गर्न बाँध्य छिन् ।

चेपाङ महिलाहरूमा गर्भावस्थाको समयमा पोषणयुक्त खानपान, नियमित स्वास्थ्य परीक्षण तथा सरसफाई सम्बन्धी सचेतनाको अभाव छ । नियमित स्वास्थ्य परीक्षण नगरिदा बच्चा र आमाको स्वास्थ्यमा समस्य देखिने गर्छ । पोषणयुक्त खाना पर्याप्त नहुँदा महिलाहरूको उमेरअवस्थामै बृद्ध र कमजोर देखिने गर्छन् । चेपाङ महिलाहरू जन्मान्तारको विषयमा पनि जानकार छैनन् । उनीहरू असुरक्षित रूपमा घरमै वर्षैपिच्छे बच्चा जन्माउने गर्छन् । महिलाको प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गर्न सरकारले सानै उमेरमा विवाह नगर्ने र उमेर नपुगी बच्चा नजन्माउन, सुत्केरी हुँदा दक्ष स्वास्थ्यकर्मी र प्राविधिकको सहयोग अनिवार्य व्यवस्था, किशोरी अवस्थादेखिनै यौन तथा प्रजनन् स्वास्थ्य र आफ्नो शरीरको बारेमा शिक्षाको व्यवस्था, गर्भवती महिलाले कम्तीमा चार पटक गर्भ जाँच सहज रूपले गर्न सक्ने वातावरण निर्माण, गर्भवतीदेखि सुत्केरी अवस्थासम्म महिलाले उपयुक्त खाना, स्याहार सुसार र माया ममता पाउने अधिकार, सुत्केरी व्यथा लाग्ना साथ नजिकको स्वास्थ्य केन्द्रमा लैजाने सक्ने पूर्वाधारको व्यवस्था, बच्चा कहिले र कति जन्माउने भन्ने कुराको निर्णय महिलाले गर्न पाउने हक, पाठेघर खसेमा महिलाको शल्यक्रिया सही तवरले गर्ने तथा नियमित अनुगमनको व्यवस्था लगायतका सुविधा प्रदान गरेको भएतापनि चेपाङ समुदायका महिलाहरू यस बारेमा जानकार छैनन् । उमेर नपुगी तथा धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैलाई जोखिम हुने गर्छ । वर्षैपिच्छे बच्चा जन्माउँदा बालबालिकाहरूको विकास असामान्य हुने तथा गर्भपतन हुने सम्भावना पनि बढी रहन्छ । बच्चाको स्तनपान र बिकास राम्रोसंग नहुँदै अर्को बच्चा गर्भमा आउँदा आमाले पनि पौष्टिक तत्व नपाउने र गर्भ र काख दुबै बच्चाको स्वास्थ्यमा प्रतिकुल असर पर्न जान्छ । आमा सुत्केरी अवस्थाबाट पार नहुँदै अर्को बच्चा जन्माउने तयारीमा लाग्दा महिलामा रक्त अल्पता, बच्चाको तौल कम हुने लगायतका स्वास्थ्य जटिलता देखा पर्दछ । समान्यता गर्भावस्थामा चार पटक स्वास्थ्य जाँच गर्ने गरिएको भएपनि हरेक वर्ष बच्चा जन्माउने महिलाहरूलाई विशेष स्वास्थ्य जाँचको आवश्यक पर्ने गर्दछ । तर, यी र यस्ता सेवासुविधा र जानकारबाट भने चेपाङ महिलाहरू धेरै टाँढा छन् । सरकार तथा सरोकारवाला निकायले यस पाटोमा समयमा ध्यान पुर्‍याई सचेतना जगाउनुपर्ने देखिन्छ ।

# सत्तासंग सीमाको सौदा

भर्खरै प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमण सम्पन्न भएको छ । सरकार गठनको पृष्ठभूमि र यसका पछिल्ला गतिविधिले पनि यो भ्रमणबाट नेपालको हितमा कुनै उपलब्धि हासिल हुने अपेक्षा थिएन । कम्तीमा राष्ट्रको अहितमा कुनै काम नभइदिए हुन्थ्यो भन्ने आम जनमानसको चाहना थियो । प्रधानमन्त्रीको भ्रमणको केही घण्टा पहिले हतार–हतारमा नागरिकता विधेयक प्रमाणीकरण गरिदा सरकारको नियतमाथि नै गम्भीर प्रश्न उठेको थियो ।

भ्रमण टोली दिल्लीमै छँदा कालापानी, लिपुलेक, लिम्पियाधुराको सट्टा बंगलादेश जाने बाटोको विकल्पको कुरा उठेको सार्वजनिक भयो । व्यक्तिगत रूपमा मलाई यो हदसम्म राष्ट्रविरोधी कुरा देशको नेतृत्व गरेको टोलीसमक्ष कसरी भएको होला भनेर विश्वास लागेको थिएन तर प्रधानमन्त्रीले नेपाल आएपछि हाकाहाकी बहादुरीका साथ एउटा विकल्प हुनसक्ने कुरा सुनाउनुभयो । यसबाट आम देशभक्त नेपाली दुःखी र आक्रोशित भएका छन्।



**निकै लामो संघर्षपश्चात् हामीले हाम्रो भूमिलाई संविधानमा नै स्थापित गर्न सफल भएका छौं । यसलाई पार लगाउनु हामी सबैको कर्तव्य हो । कुनै व्यक्तिलाई यो मुद्दा पार लगाउने आँट छैन भने उसलाई यो मुद्दा तुहाउने पनि कुनै अधिकार छैन ।**

**गणेशसिंह ठगुन्ना**

काठमाडौंमा बसेका कतिपय सत्ता–स्वार्थीहरु त यसलाई भारत र बंगलादेश बीचको सीमा विवाद समाधानको मोडेल अनुसार हल गर्न सकिने तर्क समेत गर्दैछन् । वास्तवमा भारत र बंगलादेशको विवाद दुवै देशका जनता एकअर्कालें दाबी गरेका क्षेत्रहरूमा बसोबास गरिरहेका थिए । विवाद दुईतर्फी भएको हुनाले उक्त मोडेलमा समाधान भएको थियो ।

लिम्पियाधुरा, लिपुलेक र कालापानीमा भारतले एकतर्फी अतिक्रमण गरेर बसेको छ । भारत र बंगलादेशबीचको विवाद सीमा विवाद थियो भने कालापानी क्षेत्रमा सीमा विवाद नभएर भारतीय पक्षबाट सेना परिचालन गरी गरिएको कब्जा हो । कब्जाको समाधान एकतर्फी रूपमा भारत पछाडि हट्नु हो । यस सन्दर्भमा भ्रमणको बेला प्रष्ट रूपमा भारत सरकारसमक्ष राख्नुको सट्टा देशको प्रधानमन्त्रीले विकल्पको कुरा उठाउनु अघोषित रूपमा यो मुद्दाबाट नेपाल पछाडि हटेको भन्ने सन्देश गएको छ ।

नेपाल देश पुर्खाहरूले धेरै ठूलो त्याग, तपस्या र बलिदान गरी निर्माण गरेका हुन् । सन् १८१४ देखि १८१६ सम्म भएको नेपाल–अंग्रेज बीचको युद्धमा अत्याधुनिक हातहतियार भएको अंग्रेज सेनासँग बहादुरीका साथ लामो लडाइँ लडेर यो भूभागलाई जोगाउन सफल भएका थिए । सन् १८१६ मा भएको सुगौली सन्धिमा पश्चिम नेपालको सीमा सन्दर्भमा महाकाली पश्चिमको भूभागमा नेपालले दाबी गर्ने छैन भनिएको छ ।

त्यो सन्धि हुनु अगाडि नेपालको सीमा कुमाउ, गडवाल हुँदै टिष्टा, काँगडासम्म थियो। सुगौली सन्धिले हाम्रो थुप्रै भूभाग गुमेतापनि नेपालले त्यो सन्धिलाई आजसम्म पनि अक्षरशः पालना गरेको छ। हामीले प्रष्टसँग भारत सरकारसमक्ष उक्त सन्धिलाई पालना गर्ने कि नगर्ने भनी प्रश्न उठाउन सक्नुपर्दछ। किनकि उक्त सन्धिबाट सबभन्दा धेरै फाइदा हालको भारतलाई भएको छ र धेरै भूभाग नेपालको गुमेको छ।

भूपरिवेष्टित राष्ट्रले समुद्रसम्म पुग्ने पहुँच प्राप्त गर्ने अधिकार अन्तर्राष्ट्रिय कानुनले हामीलाई दिएकै छ। कानुनी रूपमा प्राप्त गर्ने अधिकार पाउन देशको भूमि साटफेर गर्ने हदसम्मको सोच उत्पन्न हुनु कदाचित राम्रो मान्न सकिन्न। हामीले तथ्य र प्रमाणका आधारमा भारतसमक्ष वार्ता गर्नुपर्दछ। हामी आफैं गलेर विकल्पमा जान थाल्यौं भने भोलि भारतले 'केही अर्ब पैसा लैजाऊ, त्यो भूमि छोडिदेऊ' भन्न सक्छ । कतिपय राष्ट्रविरोधी सोच भएकाहरु हाम्रो भनाइलाई सस्तो लोकप्रियताका लागि बोलेको टिप्पणी गर्छन् । अझ कतिपय बुद्धिजीवीहरु मातृभूमिको कुनै भागलाई विकट, अनकन्टार भन्दै छोडिदिएर अरू फाइदा लिनुपर्छ भन्ने तर्क गरिरहेका छन्।

तीन करोड नेपाली जनतामध्ये केही हजार यस्ता आत्मसमर्पणवादी चिन्तन भएका व्यक्तिहरु भएतापनि आम नेपाली जनता राष्ट्र, राष्ट्रियता, हाम्रो भौगोलिक अखण्डता र सार्वभौमसत्ताप्रति प्रतिबद्ध छन्। अंग्रेजहरूको तोपका अगाडि दूधे बालक पिठ्युँमा बोकेर लडाइँ लडेका ती अग्रजहरूका सन्तान पेट पाल्नको लागि माटोको सौदा गर्ने कुरालाई कदापि सफल हुन दिने छैनन्। हाम्रो देशको मिचिएको भूमि फिर्ता गर्ने कुरामा कुनै पनि सौदाबाजी हामीलाई मन्जुर छैन। तथ्य र प्रमाणले भारतले पुष्टि गर्न सक्छ भने हामी सहर्ष स्वीकार गर्न तयार हुनुपर्छ अन्यथा जबर्जस्ती भूमि माथि गरिएको अतिक्रमण नेपाल माथिको भारतीय हस्तक्षेप हो भन्ने कुरालाई अन्तर्राष्ट्रिय समुदायसमक्ष समेत राख्ने आँट हामीले गर्नुपर्दछ।

लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्र (झण्डै ४०० वर्ग कि.मी.) ऐतिहासिक, व्यापारिक, राजनीतिक र धार्मिक, सांस्कृतिक हिसाबले अत्यन्त महत्वपूर्ण स्थान हो । प्राचीनकालमा व्यास ऋषिले तपस्या गरेको सो भूमि कैलाश मानसरोवरको प्रवेशद्वार पनि हो। ॐ पर्वत जस्तो महत्वपूर्ण हिमाल रहेको स्थान हो। सांस्कृतिक हिसाबले संस्कृतिका अत्यन्त धनी व्यासी शौका समुदायको वासस्थल हो ।

लिम्पियाधुरा भारत, चीन र नेपालको त्रिदेशीय विन्दु एवम् महत्वपूर्ण व्यापारिक नाका हो। यस कारण कुनै पनि देशभक्त नेपालीले लिम्पियाधुरा,लिपुलेक र कालापानी विनाको नेपालको कल्पना पनि गर्न सक्दैन। राज्य सत्ताको पहुँचबाट निकै टाढा रहेको यो भूमिबारे राष्ट्रियस्तरमा स्थापित गर्न निकै लामो संघर्ष गर्नु परेको थियो। यसबारे कुरै गर्नुहुँदैन, भारतले नुन तेल र बाटो बन्द गरिदिन्छ भन्ने विचारका बीचमा पञ्चायतकालमा स्व. बहादुर सिंह ऐतवाल र बहुदलीय व्यवस्था पुनःस्थापनापछि केन्द्रमा जननेता स्व. मदन भण्डारी र हाल एमालेका अध्यक्ष कमरेड केपी शर्मा ओलीले सदनमा संकल्प प्रस्ताव समेत राखेर राष्ट्रिय स्वाभिमानको झण्डा उचाल्नुभएको थियो।

दार्चुला जिल्लाका तत्कालीन प्रतिनिधिसभा सदस्य स्व. प्रेम सिंह धामी, एमालेका नेता स्व. वीरबहादुर ठगुन्ना र संविधानसभा सदस्य स्व. गोपालसिंह बोहराले अविरल यो मुद्दालाई राष्ट्रिय राजनीतिमा स्थापित गर्न महत्वपूर्ण योगदान गर्नुभएको थियो । निकै लामो संघर्षपश्चात् हामीले हाम्रो भूमिलाई संविधानमा नै स्थापित गर्न सफल भएका छौं। यसलाई पार लगाउनु हामी सबैको कर्तव्य हो। कुनै व्यक्तिलाई यो मुद्दा पार लगाउने आँट छैन भने उसलाई यो मुद्दा तुहाउने पनि कुनै अधिकार छैन।सत्तासँग सीमा साट्ने प्रयास नेपाली जनताले कुनै पनि हालतमा सफल हुन दिने छैनन्। बलियो राष्ट्रिय शक्ति निर्माण गर्दै लिम्पियाधुरा, लिपुलेक र कालापानीमा नेपाली स्वामित्व स्थापित गर्न नेपाली जनताको अभियान लक्ष्य प्राप्त नहुन्जेलसम्म निरन्तर जारी रहनेछ । अनलाइनखबरबाट (लेखक नेकपा एमालेका पोलिटब्यूरो सदस्य तथा पूर्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हुन्।)

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी १०६.२ मेगाहर्ज
POWER FM 95.6 Get Set Power!
Power fm 95.6 MHz

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली,- ५६३१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

### तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
अरूको मुख ताक्नाले पछि परिनेछ । आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
आलोचकहरूबाट पनि केही सजग रहनुपर्ला । मौकामा प्रयत्न गर्दा काम बन्नेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
रोकिएका काम दोहोर्याउनुपर्ला। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । विभिन्न कामका अवसर प्राप्त हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अर्थअभावले विशेष काम रोकिन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । रचनात्मक काममा जुट्ने समय छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
विशेष अवसर अथवा रमाइलो परिस्थितिका बीच पनि सानो चिन्ताले पिरोल्न सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । परिबन्धले चुनौती निम्त्याउन सक्छ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
बौद्धिक व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ । मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सामाजिक कामले नाम, दाम र इनाम दिलाउन सक्छ । मिहिनेतको राम्रो प्रतिफल प्राप्त हुनेछ ।

# संकटमा सालक

रामकुमार एलन/काठमाडौं

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनअनुसार संरक्षित साना स्तनधारी जनावरमा सूचीकृत छ सालक। सालक मात्र एउटा यस्तो जनावर हो, बागमती प्रदेशका १३ जिल्लामै पाइन्छ। हिमाली भेगको रसुवादेखि भित्री मधेसको मकवानपुरसम्म र दोलखादेखि धादिङसम्म सालक पाइन्छ। सालकलाई बागमतीको 'गौरव जनावर' घोषणाको अभियान चलाउन सके संकटमा रहेको सालक संरक्षण हुन सक्ने र वातावरण संरक्षणसँगै किसानलाई अरु लाभ पुग्ने वन संरक्षणकर्मीहरूको भनाइ छ ।

गैँडा, बाघ चितवनमा मात्र पाइन्छ। दुर्लभ 'रेड पान्डा' रसुवा र केही हिमाली जिल्लाका भेगमा मात्र पाइन्छ तर सालक बागमतीका सबै जिल्लामा पाइन्छ । सालक एक प्रकृतिप्रेमी प्राणी पनि हो। सालक वातावरणमैत्री जनावर हुनाका नाताले किसानको साथी त हुँदै हो, मानव समुदाय, अन्नबाली, अन्य घरपालुवा जनावर कसैलाई हानि नगर्ने र धमिरा तथा कमिला मात्र आहारा बनाउने सालक संरक्षण अभियान चलाउन जरूरी छ । बागमती प्रदेशको वन मन्त्रालयले प्रदेशका सबै जिल्लामा सालक संरक्षणलाई केही रकम विनियोजन गर्न थालेको छ र सालक संरक्षण अभियान पनि सुरु हुँदैछ । सालक संरक्षण अभियान चलाउने समय भइसकेकामा वनकर्मी, संरक्षणकर्मीहरु पनि सहमत देखिएका छन्। यसलाई अति लजालु, संवेदनशील एवं शान्त वातावरणमा बस्न रूचाउने, मानवलाई हानि नगर्ने र इकोसिस्टमलाई चुस्त बनाउने जीव मानिन्छ । प्रदेश सरकारले 'गौरवको जनावर' घोषणा गर्न सके कम्तीमा एउटा संरक्षित जनावर प्रदेश सरकारले अपनत्व लिइदिंदा देशभर संरक्षण क्षेत्रमा सकारात्मक सन्देश प्रवाह हुने र सालक संरक्षण अभियानले गति लिन सक्ने देखिन्छ ।

पहिलोपटक देख्नेले सानो न्याउरी मुसा जस्तो पनि मान्न सक्छन् । स्तनधारी जीव सालकको शरीरमा बाक्लो र कडा कत्ला (खबटा) हुन्छ। उसो त यो सानो डाइनोसोर जस्तो पनि देखिन्छ । सालकको पेट, थुतुनो र खुट्टाका भित्री भागबाहेक शरीरको सम्पूर्ण भाग कडा खपटाले ढाकेको हुन्छ । सालक पुच्छरको सहायताबाट रूखको हाँगामा झुन्डिन सक्छ । सालकको दाँत हुँदैन, जिब्रो ६० देखि ७० सेन्टिमिटरसम्म फैलिनसक्ने क्षमताको हुन्छ। रङ्ग माटोजस्तै देखिन्छ। आहाराको खोजीमा रातिमात्र निस्कने सालक कतैबाट आक्रमण वा खतरा महसुस गरे पनि नभागी बस्छ। यस्तो बेला भकुन्डो आकारमा थुतुनो केन्द्रमा पारेर डल्लो परेर बस्छ । खतरा महसुस नभए डल्लो परेको सालक आफ्नो ज्यान साबिकको आकारमा ल्याउँछ र गन्तव्यमा हिँड्छ।

संसारमा आठ प्रकारका सालक पाइने गरेको अनुसन्धानले देखाएका छन् । नेपालमा भने दुई प्रकारका सालकमात्र पाइन्छन् । नेपालमा कालो खबटा भएको 'चिनियाँ प्याङ्गोलियन' र फुस्रो खबटा भएको 'भारतीय प्याङ्गोलियन' अस्तित्वमा छन् । चिनियाँ प्याङ्गोलियन चाहिँ विश्वमै अति संकटापन्न सूचीको प्राणी हो । नेपालमा अस्तित्वमा रहेको स्तनधारीमध्ये एउटै मात्र अन्तर्राष्ट्रियरूपमै अति संकटापन्न वन्यजन्तु सालक हो ।



सालक नेपालका सामुदायिक वनभित्र भेटिने गरेका छन् । जमिनमुनि रहने सालक आफैँ खन्दै हिँडिरहन्छ। सालकलाई घमाइलो वातावरण चाहिन्छ । जुका नलाग्ने ठाउँमा बासस्थान बनाउँछ । समुद्रबाट करिब दुई हजार मिटरसम्मको उचाइको जङ्गलमा सालक पाइने गरेको छ । साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान केन्द्रका अनुसार नेपालका ४३ जिल्लामा सालक पाइन्छ । चिनियाँ प्याङ्गोलियन भक्तपुर, बागलुङ, चितवन, धादिङ, धनकुटा लगायत २३ जिल्लामा पाइन्छ । इन्डियन प्याङ्गोलियन कञ्चनपुर, बारा, पर्सा, सुर्खेतलगायत सात जिल्ला पाइन्छ । डडेल्धुरा, सल्यान, म्याग्दी, कास्की, नुवाकोट, सिरहा, मोरङलगायत १४ जिल्लामा दुवै प्रजातिका सालक पाइएको छ ।

चीन र भियतनाममा औषधि बनाउन र मासु उत्पादनका लागि सालकको माग बढी छ । त्यहाँका धेरैजसो रेस्टुरेन्टमा सालकको मासु घरानियाँ र प्रतिष्ठित परिवारको परिकारमा गनिन्छ । सालकको खबटा बुलेट-प्रुफ ज्याकेट तथा गुणस्तरीय टाँक बनाउन प्रयोग हुने गरेको छ । महँगा सौन्दर्यका सामग्री बनाउन पनि खबटा प्रयोगमा आउँछ । त्यसलै सालकको तस्करी बढेको हो। नेपालमा भने सालकको मासु खाए दीर्घरोग निको हुने विश्वास छ । सालकको मासु खाए सुत्केरीको साल छिटो झर्छ भन्ने अन्धविश्वास छ। तर सालक महँगोमा बिक्री हुन्छ भनेर चर्चा गरिएको छ र यसको मारकाट र तस्करी बढेको हुन सक्छ । चोरी र अवैध सिकारले सालक नोक्सान भइरहँदा संरक्षण अभियान चलाउनु जरूरी ठानिएको हो । हरेक दिन तीन सय सालक मारिने अनुमान गरिएको छ ।

एउटा सालकको खबटा बेच्दा कम्तीमा रू पाँच हजार सजिलै पाइने भएकाले वन क्षेत्र आसपासमा बस्नेबाटै सालक मारिने क्रम बढ्दो छ। बागमती प्रदेशको काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर, दोलखामा चाहिँ सालक मार्ने क्रम बढ्दो छ । मारिएका केही सालक चिनियाँ नाका तातोपानीसम्म पुऱ्याएर तस्करी भइरहेको पाइएको छ । बेलाबखत प्रहरीले सालकसहित केहीलाई पक्राउ पनि गरेको पाइएको छ । खासमा चीनमा सालकको माग बढेसँगै त्यहाँ सालक मार्ने क्रम बढ्दो रहेको पाइएको छ । त्यसैको सिको गरेर काभ्रेमा पनि सालक मार्ने क्रम बढेको पाइएको हो ।

सालकले खेतीबाली र उत्पादनमा नोक्सान गर्ने जीवलाई मात्रै आहारा बनाउँछ । वयस्क सालकले एक दिनमा दुई लाख ३० हजार र वर्षमा सात करोडसम्म कमिला र धमिरा खान सक्ने अनुसन्धानले देखाएको छ । सालकले खाइदिएकाले नै किरा र कमिला नियन्त्रण भएर बालीनाली फस्टाउन सकेको हो । जमिन खोस्रेर उर्वरा बनाउने काम पनि सालक नै गर्छ। त्यसैले सालक किसानको साथी हो, शत्रु होइन भन्ने धारणाको विकास गराउन जरूरी छ ।

सालक तस्करीमा संलग्नलाई नेपालमा कारबाही गर्ने कानुन छ । सालक मार्ने र व्यापार गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०७३ अनुसार रू पाँच लाखदेखि १० लाखसम्म जरिवाना व्यवस्था छ । यस्तै, पाँच देखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था छ । दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइटिस) २०१७ अनुसार रू १० लाखसम्म जरिवाना र १५ वर्षसम्म जेल सजाय वा दुवै हुनसक्नेछ। विश्वभर सालकको तस्करी बढेपछि साइटिस अभिसन्धिले अतिसंकटापन्न वन्यजन्तुको अनुसूची २ बाट १ मा राखेको छ ।

संसारमै संकट खेपिरहेको सालक संरक्षणका लागि केही प्रयास नभएका होइनन् । सालकका प्रजाति संरक्षण, जनचेतनाका लागि हरेक अङ्ग्रेजी महिना फ्रेबुअरीको तेस्रो शनिबार हामी 'सालक दिवस' मनाउने गर्दछौँ । फागुनको पहिलो साता यो दिवस पर्दछ। दिवस मनाउने क्रममा सालक संरक्षणबारे बहस, छलफल हुने गरेका छन् । यद्यपि यसलाई जनसहभागितात्मक बनाउन सकिएको छैन । सामुदायिक वन समूहसँग छलफल गरेर यसलाई अघि बढाउन जरूरी देखिएको छ। सालकको महत्व पहिचान, संरक्षणमा केही प्रयास पनि भएका छन् । बागमती प्रदेशको राजधानी हेटौँडामा आयोजना गरिएको 'दोस्रो बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगिता'मा बनेको मस्कटमा सालक समेटिएको छ । सालक संरक्षणका लागि मूलतः दुईवटा कार्य हुनुपर्ने बताउनुभयो । एउटा, बागमती प्रदेशले प्रदेश गौरव जनावरमा सालकलाई तोक्न सकिन्छ भने प्रदेश सरकारको नीति तथा कार्यक्रममै सालक संरक्षण अभियानलाई बजेट छुट्याएर १३ जिल्लाका सामुदायिक वन तहसम्म संरक्षण अभियान सञ्चालन गर्न सकिन्छ । रासस

## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

# जलवायु परिवर्तन : ........

थियो । फ्रान्स तथा जर्मनीमा यसअघिको औसतको तुलनामा सन् २०२२ को जनवरी तथा जुलाई महिनाको बीचमा झण्डै ७ गुणा बढी क्षेत्रमा डढेलो लागेको थियो। गर्मी बढ्नुको अर्थ ध्रुवीय क्षेत्र तथा उच्च हिमाली क्षेत्रहरूमा जमेको बरफ तीव्र रूपमा पग्लिनु र समुद्रको जलस्तर बढ्नु पनि हो ।

कतिपय ठाउँहरूमा भने अतिवृष्टिको कारण गतवर्ष चीन, पाकिस्तान तथा नायजेरिया लगायतका मुलुकहरू इतिहासकै भयानक बाढीबाट प्रताडित बने । विकासशील मुलुकहरूमा बसोबास गर्ने मानिसहरूले जलवायु परिवर्तनबाट सबैभन्दा धेरै क्षति बेहोर्नुपर्नेछ । किनकि उनीहरूसँग जलवायु परिवर्तनको सामना गर्नका लागि स्रोत र साधनको कमी छ । विकसित मुलुकहरूको तुलनामा हरितगृह ग्यास उत्सर्जनमा निकै कम भूमिका रहेका ती मुलुकहरूले जलवायु परिवर्तनका असरहरू भने धेरै भोग्नु परिरहेको छ ।

जलवायु परिवर्तनका कारण पृथ्वीको महासागर तथा जलीय जीवन पनि खतरामा परिरहेको छ । अमेरिकाको राष्ट्रिय सामुद्रिक तथा वायुमण्डलीय विभागले सन् २०२२ को अप्रिलमा प्रकाशित गरेको एक शोध प्रतिवेदन अनुसार १० प्रतिशत देखि १५ प्रतिशत सम्म सामुद्रिक प्रजातिहरु लोप हुने खतरा छ । तीव्र रूपमा तातिरहेको पृथ्वीमा जीवहरूका लागि आवश्यक खाना तथा पानी फेला पार्न पनि मुस्किल हुनेछ ।

उदाहरणका लागि तापक्रम वृद्धिका कारण ध्रुवीय हिउँ पग्लिंदा पोलार भालुको प्रजाति नै संकटमा पर्न सक्दछ । साथै एउटा हात्तीलाई दैनिक आवश्यक पर्ने डेढ सयदेखि ३ सय लिटर पानी पाउनै मुस्किल पर्न सक्दछ। आवश्यक कदम नउठाउने हो भने यो शताब्दीको अन्त्यसम्ममा ५५० प्रजातिहरू लोप हुनसक्ने चेतावनी वैज्ञानिकहरूको छ।

### जलवायु परिवर्तनका फरक फरक प्रभाव

विश्वमा जलवायु परिवर्तनका भिन्न भिन्न प्रभाव हुनेछन् । संयुक्त राष्ट्रसघको जलवायु निकाय आईपीसीसीका अनुसार यदि विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न नसकिएमा यस्ता असर देखिनेछन्:

- बेलायत तथा युरोप अत्यधिक वर्षाका कारण भयानक बाढीको चपेटामा पर्नेछ
- मध्यपूर्वका देशहरूले अत्यधिक गर्मीको लहरका कारण व्यापक सुख्खा खडेरीको सामना गर्नुपर्नेछ
- प्रशान्त क्षेत्रका टापु राष्ट्रहरू समुद्रमा डुब्न सक्नेछन्
- विभिन्न अफ्रिकी देशहरूले खडेरी तथा खाद्यान्नको अभावको सामना गर्नुपर्नेछ
- पश्चिमी अमेरिकामा खडेरीको सम्भावना हुनुका साथै अत्य क्षेत्रमा धेरै तीव्र आँधीहरु आउनेछन्
- अष्ट्रेलियामा अत्यधिक गर्मी तथा जंगलमा लाग्ने डढेलोका कारण जनधनको क्षतिको खतरा बढ्नेछ

### के गर्दैछन् विश्वका सरकारहरू ?

विश्वका मुलुकहरूले हातेमालो गरेर एकसाथ कदम चालेमा मात्रै जलवायु परिवर्तनसँग जुध्न सकिन्छ भन्ने कुरामा विश्व समुदाय एकमत छ । सन् २०१५ मा भएको पेरिस सम्झौतामा पनि विश्व उष्णीकरणलाई १.५ डिग्री सेल्सियस सम्म कायम राख्ने संकल्प गरिएको थियो । सन् २०२२ को नोभेम्बरमा इजिप्टमा भएको कोप २७ मा समेत विश्वका नेताहरूले जलवायु परिवर्तन रोक्नका लागि नयाँ प्रतिबद्धता जनाएका थिए ।

विभिन्न देशहरूले सन् २०५० सम्ममा शून्य कार्वन उत्सर्जन अर्थात् नेट जिरोको लक्ष्य हासिल गर्ने संकल्प गरेका छन् । यसको अर्थ हरितगृह ग्याँस उत्सर्जनलाई जति सकिन्छ त्यति कम गर्नु र बाँकी उत्सर्जनलाई वातावरणमा पूरै अवशोषण गरेर सन्तुलित राख्नु हो। विज्ञहरूका अनुसार पर्यावरणलाई यी यावत् खतराहरूबाट अझै पनि जोगाउन सकिन्छ । तर यसका लागि सरकार, उद्योगी व्यापारी तथा आम नागरिकहरूले व्यापक रूपमा आफ्ना व्यवहारहरूमा परिवर्तन गर्नु आवश्यक छ ।

### व्यक्तिगत रूपमा के गर्न सकिन्छ ?

जलवायु परिवर्तन रोक्नका लागि ठूलो भूमिका सरकार तथा उद्योग व्यवसायको रहेको छ । तर वैज्ञानिकहरूका अनुसार हरेक मानिसको जीवनमा केही स साना परिवर्तन गर्नेहो भने पनि यसले जलवायु परिवर्तनलाई कम गर्न मद्दत गर्दछ । यस्ता प्रयासहरूमा:

- हवाई जहाजको यात्रा कम गर्ने
- जिवाश्म इन्धनबाट चल्ने गाडीको प्रयोग नगरी विद्युतीय गाडीको प्रयोग गर्ने
- मासु तथा दुग्धजन्य पदार्थको उपयोग कम गर्ने
- ऊर्जा खपत घटाउने, किफायती बनाउने
- आफ्नो घरको उर्जाको चुहावट घटाउने
- ग्राईस्थ्य प्रयोगमा आउने ग्याँसलाई बिजुलीले विस्थापित गर्ने । आदि

स्वास्थ्य परीक्षण सम्बन्धी सूचना
जेठ २७ गते शनिबार
१) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ डा. बिनम्र बस्नेतद्वारा स्वास्थ्य परीक्षण । जस्तै : छाला चिलाउने, शरिरमा दाद आउने, (सेतो र कालो) दुबी आउने, शरीर चिलाई रहने, अनुहारमा डण्डीफोर आउने र डंडीफोरको दाग हटाउने, अनुहारको चाया वा कालो पोतो हटाउने, कपाल झर्ने समस्याको समाधान र यौनजन्य रोगको उपचार गर्नुको साथै यौन इच्छामा कमी, शीघ्रपतन, यौनाङ्गबाट पिप बग्ने, पोल्ने, मुसा जस्तो बिबिरा आउने, हात खुट्टामा खिल आउने र त्यसलाई हटाउने, शरीरमा मुसा आउने आदि समस्याहरू भएमा लेजर मेशिनद्वारा हटाउने आदि समस्याहरू भएमा सम्पर्क राखी सेवा लिनु होस् ।
हाम्रा उपलब्ध सेवाहरू :
१) डा. सुशिल बिकद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**राजमार्ग सीमा क्षेत्र भित्रका घरटहरा भत्काइदै :** पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको बन्दिपुर गाउँपालिका–१ डुम्रे बजारस्थित सडक मापदण्डभित्र पर्ने भत्काइएका घर । सडक विस्तारका लागि यहाँका करिब २० घरटहरा भत्काइएको छ । *तस्बिर : भञ्ज्याङ*

# गण्डकीको नीति तथा कार्यक्रम : तनहुँमा ट्रमा अस्पतालदेखि सुरूङमार्गसम्म

**भञ्ज्याङ समाचारदाता/**दमौली

गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा तनहुँका विभिन्न योजना समेटिएका छन् । प्रदेश प्रमुख पृथ्वीमान गुरूङले आइतबार प्रदेशसभामा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा तनहुँमा ट्रमा अस्पताल स्थापना गर्नेदेखि सुरूङमार्ग निर्माणका लागि सम्भाव्यता अध्ययन गर्नेसम्मका योजना उल्लेख गरिएको छ ।

राजमार्गमा हुने सवारीसाधन दुर्घटनाका घाइतेको प्राथमिक उपचारका लागि ट्रमा अस्पताल स्थापनाको प्रक्रिया अगाडि बढाइने प्रदेश प्रमुख गुरूङले उल्लेख गर्नुभयो । आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले आँबुखैरेनी–१ बरादीमा ट्रमा अस्पताल निर्माणका लागि केही समय अगाडि प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री सुशीला सिङ्खडाको ध्यानाकर्षण गराउनुभएको थियो । पृथ्वीराजमार्गअन्तर्गत तनहुँ खण्ड ७२ किलोमिटर रहेको र यहाँ दैनिक दुर्घटना भइरहने हुनाले ट्रमा अस्पतालको आवश्यकता खड्किएको उहाँले उल्लेख गर्नुभयो। अस्पताल निर्माण गर्न पालिका प्रदेश सरकारसँग सहकार्य गर्न तयार रहेको चुमानको भनाइ छ ।

यसैगरी सरकारले तनहुँको पुडिटारमा औद्योगिक क्षेत्र स्थापना व्यवस्थापन तथा सञ्चालनका लागि पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिन नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । प्रदेशको गौरवको सडक आयोजनाको रूपमा रहेको तनहुँको भीमाददेखि नवलपुर डेढगाउँमा सुरूङ मार्ग निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

मुस्ताङको कोरोलादेखि नवलपुरको त्रिवेणी जोड्ने छोटो दूरीको उक्त सडक अन्तर्गत तनहुँ खण्डमा कालोपत्र गर्ने काम भइरहेको छ । तनहुँको घिरिङदेखि नवलपुरको बुङ्दीकालीको सीमानासम्म एघार किलोमिटर सडक कालोपत्रको काम अगाडि बढेको छ । विसं २०५१ मा ट्र्याक खुलेको उक्त मार्ग कालोपत्र हुने भएपछि स्थानीयवासी खुसी भएका छन् ।

घिरिङ गाउँपालिकाका पूर्वअध्यक्ष रनबहादुर रानाले यस मार्गलाई प्रदेश सरकारले गौरवको योजनाको रूपमा सूचीकृत गरेर कालोपत्रको काम सुरू गरेपछि यस भेगका जनता हर्षित भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो मार्गहुँदै अहिले नवलपुर पुग्न सकिन्छ, तर धुलोको एकदमै समस्या छ, कालोपत्र भएपछि स्थानीयवासीलाई निकै सहज हुन्छ।"

सरकारले आँबुखैरेनीमा रहेको कृषि तथा पशुपक्षी इकाइको सुदृढीकरणलाई प्राथमिकता दिएको छ । गण्डकी प्रदेशको प्रवेशद्वार आँबुखैरेनी गाउँपालिका–३ मा तरकारीको विषादी परीक्षणका लागि इकाई स्थापना गरिएको थियो । तर उक्त इकाइ कर्मचारी अभावमा प्रभावित हुँदै आएको छ । सरकारले सबै सामुदायिक क्याम्पसलाई कार्य सम्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाउने भएको छ । यो नीति तथा कार्यक्रमले व्यास नगरपालिका–१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पससमेत लाभान्वित हुनेछ ।

## चार स्थानमा पुल निर्माण गरिने

**रासस/**काठमाडौं

सडक विभागले आगामी वर्ष चार स्थानमा पुल निर्माण गर्न प्रक्रिया अघि बढाउने भएको छ । काठमाडौं उपत्यकाको बागमती नदी, चितवनको नारायणी नदी, कास्कीको विजयपुर र रूपन्देहीको तिनाउ नदीमा अत्याधिक पुल निर्माणका लागि अध्ययन थालिएको सडक विभाग, पुल महाशाखाका प्रमुख नरेशमान शाक्यले बताउनुभयो । उहाँले भन्नुभयो, "विश्वका कतिपय सहर पुलका कारण चिनिन्छन्, त्यसैगरी यी पुल पनि ती ठाउँको परिचय झल्किने गरी बनाउन लागिएको छ ।" विशेषता सहित पुल निर्माणको योजना बनाइएको शाक्यको भनाइ छ ।

नयाँ बनाइने चारवटै पुलमा स्थानीय मौलिकता समेट्ने गरी डिजाइन गरिने उहाँले बताउनुभयो। काठमाडौँमा मन्दिर वा कुनै कलात्मक कुरा, चितवानमा गैँडा र अरू ठाउँमा पनि त्यहाँको विशेषता समेट्ने योजना रहेको छ। तिनाउ नदीमा बिश्व बैंकको 'सिग्नेचर पुलमा एक्सेस प्रोग्राम' अन्तर्गत पुल निर्माण गर्न लागिएको छ । पोखरामा पुल निर्माणका लागि विभागले अन्तर्राष्ट्रिय विज्ञको सहयोगमा डिजाइन तयार गर्ने योजना बनाएको छ ।


## गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**माधव पौडेल**
facebook.com/Madhav Poudel

लाज सरम हराएकाहरू ...
दमौली अस्पतालमा आउन लागेको भनिएको ५ वटा डायलासिस मेसिन मेरो मान्छेको पहलमा हो तेरो मान्छेको पहलमा होइन भन्दै साँढेहरू डुक्रिरहेका छन्, तिनलाई थाहा छ कि छैन अस्पताल आफै बिरामी छ । बिषेशज्ञ सेवा त परको कुरा बिरामीहरू विमाको सबै औषधि पाउदैनन्, जिल्ला अस्पताल भनेर के गर्नु आँबुखैरेनी गाउँपालिकाको अस्पतालजत्तिको चुस्त दुरूस्त पनि छैन । अझ मेरो र तेरो ? न कर्मचारीलाईरू काम गर्न मन लाग्ने वातावरण छ न कसैले बिरामी लिएर छिर्न मन लाग्ने बनाउन सके ! अस्पताल अझसम्म स्तरीय बन्न नसकेको क–कसको हस्तक्षेप भएर हो बोल्ने आँट छ कसैमा ? बात करते हो ! स्वास्थ्य मन्त्रालयका ठुलै मान्छेको कुरा सुनियो मेशिन आउने नआउने निधो छैन र आए कसैको पहलमा हो कि स्वभाविकरूपमा आउने हुन् छर्लङ्ग भाछ ।



**Ramesh Nath Pandey**
twitter.com/rameshnathpande

प्रधानमन्त्री प्रचण्डलाई साक्षी र सहयोगी बनाएर भारतले आफ्नो नेपाल नीति आजको आवश्यता र भविस्यको सामरिक सोचबाट निर्देशित रहेको पूष्टि गरेको छ । नेपाल भारत सम्बन्धमा ईतिहासले छाडेको बोझा बिसाउने सट्टा जटिल उल्झन सँगै अरू बोझा पनि थपिएको छ ।

# हट्दै छ जातीय छुवाछूतमाथिको विभेद

**नारायण विक/**गल्याङ

दलित समुदायमाथि जातका आधारमा गरिने छुवाछुत तथा भेदभाव स्याङ्जामा न्यून हुँदै गएको दलित समुदायले महसुस गर्न थालेका छन्। गल्याङ नगरपालिका–६ का मनिसा सेञ्चुरीले वृद्धहरूमा अझै पनि छुवाछुतको मानसिकता रहे पनि नयाँ पुस्ताका गैरदलितले छुवाछुत र विभेद नगर्ने बताउनुभयो। धारोमा पानी भर्दा, मेलापात तथा भोजभतेर र मन्दिरमा हुने भेदभाव हट्दै जान थालेको उहाँको अनुभव छ ।

मानिसहरु शिक्षित बन्नु, यससम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, समाजमा चेतनाको विकासलगायतले जातिय छुवाछुत तथा भेदभाव कम भएको उहाँको अनुभव छ। यद्यपि समाजका सबै उमेर समूहमा भने सोही अनुसारको चेतना फैलाउन नसकिएको उहाँले बताउनुभयो । पुराना पुस्ताबाट धर्म तथा संस्कारका नाममा दलितलगायतका जातसँग पानी बार्ने, उनीहरूलाई मन्दिर प्रवेशमा रोक लगाउने र सम्बन्ध नगाँस्ने व्यवहार भए पनि अहिले त्यो न्यून हुँदै गएको छ ।

पछिल्लो समय दलित र गैरदलित भोजभतेरमा सँगै बसेर खान थालेका छन् । निश्चित जात मात्र पस्न र पूजा गर्न पाउने भनिएका मन्दिर सबैका लागि खुला गरिएको छ। जातियरूपमा गरिने विभेदजन्य कार्यले कानूनीरूपमा दण्डित हुनुपर्ने भएकाले पनि सार्वजनिक रूपमा छुवाछुत न्यून हुँदै गएको धेरैको बुझाइ छ ।

गल्याङ नगरपालिका–११, गल्कोटका युवा उदयराज भण्डारीले आजका दिनमा सबै प्रकारका भेदभाव निन्दनीय भएको बताउनुभयो। उहाँले जातका आधारमा हुने छुवाछुत तथा भेदभाव हटाउन विभिन्न संघ संस्थासँगको सहकार्यक्रम अभियान चलाइएको समेत जानकारी दिनुभयो । जातिय छुवाछुतविरूद्धको अभियान सञ्चालन गर्दा आफूहरूलाई पुराना पुस्ताबाट सामाजिक बहिस्कारको चेतावनी समेत आउने गरेको गुनासो पोख्नुभयो । यद्यपि समाजलाई पूर्णरूपमा परिवर्तन गर्न भने केही समय लाग्ने र आफूहरु सोही बाटोमा अग्रसर भएको उहाँको भनाइ छ ।

गल्याङ नगरपालिका–४, का नारायण न्यौपानेले नयाँ पुस्तामा यसप्रकारको विभेदको मानसिकता हराउँदै गएको बताउनुभयो । गल्याङ नगरपालिका–४, कै मञ्जु मगरले पनि पनि खानेपानीका धारा, मन्दिरलगायतका स्थानमा गरिने विभेद हराउँदै गएको अनुभव सुनाउनुभयो । दलित अधिकारकर्मी पूर्णिमा परियारले दलित एक्लैको प्रयासले जातिय छुवाछुत तथा भेदभाव निर्मूल नहुने भन्दै सबैको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । उहाँले सरोकारवाला निकायसँग नागरिकलाई संविधान र कानुनका बारेमा अवगत गराउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिदिन आग्रह गर्नुभयो । रासस


पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५–५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४